"कृषि पर्यटनमा आधारित समृद्ध मोलुङ"

# मोलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा,युवा तथा खेलकुद शाखा

प्राप्चा, ओखलढुंगा

प.सं.:२०७९/०८० (शिक्षा) स्था:२०७३ १ नं. प्रदेश, नेपाल

च.नं.: 30

मिति २०७९/०५/१०

**विषयः विद्यालय लेखा परीक्षक सूचिकृत हुने सम्वन्धमा सूचना ।**

श्री सरोकारवालाहरु सबै ।

प्रस्तुत विषयमा यस मोलुङ गाउँपालिका भित्र सञ्चालित सबै सामुदायिक विद्यालयहरुको आ.व. २०७८/०७९ को अन्तिम लेखा परीक्षण गर्नका लागि नेपाल चार्टर एकाउन्टेन्ट्स संस्थामा दर्तावाला लेखापरीक्षकले तपसिल बमोजिमका कागजात सहित १५ दिन भित्र यस मोलुङ गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा आवेदन पेश गर्नु हुन सम्वन्धित सबैको लागि यो सूचना गरिएको छ ।

तपसिल

१. सूचिकृत हुन पाउँ भन्ने निवेदन,

२.व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र संस्थाको हकमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

३. लेखापरीक्षक दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

४. करचुक्ता प्रमाणपत्रको प्रतिलिपी,

५. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी,

६. हाल सरकारी सेवामा कार्यरत नरहेको र कालो सूचिमा नपरेको स्व-घोषणा ।

लेखा परीक्षकले पालना गर्नुपर्ने सर्त र बन्देजहरु

१. लेखा परीक्षणका लागि लेखापरीक्षक विद्यालयमा अनिवार्य उपस्थिति हुनुपर्ने,

२. नियुक्ति पाएको ४५ दिन भित्र विद्यालयको लेखापरीक्षण सम्पन्न गरी सो को एक प्रति प्रतिवेदन कार्य सम्पन्न भएको मितिले ७ (सात) दिन भित्र गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा लेखापरीक्षक स्वयम् ले बुझाउनु पर्नेछ ।

३. निवेदन पेश गर्दा सक्कल कागजात सहित निवेदक स्वयम उपस्थित हुनुपर्नेछ ।

४. माथि उल्लेखित नियमानुसार कार्य सम्पन्न नगर्ने लेखा परीक्षक/फर्मलाई आगामी बर्ष पुर्नविचार गरिनेछ ।

५. समय नाघी आएको निवेदन उपर कुनै कारवाही गरीने छैन ।

2065/5/10

..................

सरस्वती पौडेल

शिक्षा अधिकृत

सरस्वती पौडेल
शिक्षा अधिकृत

*वोधार्थ :*

*सूचना तथा प्रविधि शाखा कार्यालयको वेवसाइटमा अपलोड गरीदिनु हुन ।*

Email:- education.molung@gmail.com Website:- www.molungmun.gov.np